जनहितमा जारी

नालामा फोहर वस्तु नफाली डस्टविन वा तोकिएको ठाउँमा फोहर फालौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

prateekdaily.com

खोक्दा र हाच्छ्यूँ गर्दा रुमालले नाक र मुख छोप्ने गरौं, रुमाल नभएमा कुहिनोले ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ असोज १५ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 October 01 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४४

## हुलाकी सडकमा पप्पुको बेतुकको काम

प्रस, वीरगंज, १२ असोज/

हुलाकी सडक अन्तर्गत वीरगंज–ठोरी सडकखण्ड मध्ये ३० किलोमिटर सडक निर्माणको जिम्मा पाएको अमर/सडकखण्डको बहुअर्वाभाठादेखि तिलावे पुलसम्मको कालोपत्रे भत्काएर पुनः कालोपत्र गरेको देखेर स्थानीयहरू छक्क परेका छन् । पप्पु कन्स्ट्रक्शनले अहिले बाँकी छ । तर पप्पुले सिलसिलेवार तरीकाले काम नगरी भएको कालोपत्रे उत्काएर धेरै काम गरेको जस्तो देखाइरहेको गुप्ताको जिकिर छ । सोही






विन्दवासिनीमा कालोपत्र भत्काइँदै



बहुअर्वाभाठा जाने बाटो । तस्वीरः प्रतीक

कन्टेक्ट/पप्पु जेभी निर्माण सेवाले विनातुकको काम गरिरहेको स्थानीयले आरोप लगाएका छन् । वीरगंजको लक्ष्मणवा चोकदेखि जीराभवानीको चमरीटोलसम्म ३० किलोमिटर सडक विस्तार गर्न जिम्मा पाएको पप्पु कन्स्ट्रक्शनले आवश्यक ठाउँमा कालोपत्र नगरी पहिलेदेखिको राम्रो कालोपत्र भत्काएर पुनः कालोपत्र गरिरहेको देखेर स्थानीयहरूले विनातुकको काम गरिरहेको आरोप लगाएका छन् ।

सोही सडकखण्ड अन्तर्गत बहुअर्वाभाठादेखि चमरी खोलासम्म निर्माणाधीन अवस्थामा रहेको सडक स्तरोन्नति नगरी वीरगंज–पोखरिया भत्काएको कालोपत्र २०७४ सालमा ठेकेदार कम्पनीले निर्माण गरी हस्तान्तरण गरेका थिए ।

कालोपत्र नभएको ठाउँमा सडक सुधार गर्नुको साटो राम्रो अवस्थामा रहेको सडक भत्काएर हिलाम्य र धूलाम्य बनाएको छ । सो सडकमा हिंड्ने जोकोहीले पनि भएको कालोपत्र भत्काएको देख्दा ठेकेदार कम्पनीलाई धिकार्ने गरेका छन् । पप्पु कन्स्ट्रक्शनले बनेको काम बिगार्न मात्र जानेको छ भनी विन्दवासिनीका स्थानीय युवा नेता नरेश गुप्ताले टिप्पणी गरे । लक्ष्मणवादेखि चमरी खोलासम्म ३० किलोमिटर सडकखण्डको अधिकांश ठाउँमा धेरै काम सडकखण्डमा पप्पुले तिलावे पुलको निर्माण कार्य वर्षौंदेखि गर्न सकेको छैन । ठेक्का लिएको ७ वर्ष बितिसक्दा पनि एउटा पिलरबाहेक अरू निर्माण कार्य गरेको छैन । पुरानो पुल साँघुरिएर बिहान र बेलुका घण्टौं जाम लाग्ने गरेको छ । सबैभन्दा जरुरी कार्य पुल निर्माणलाई पाखा लगाइ स्तरीय कालोपत्रलाई मात्र पप्पुले भत्काउन जानेको छ ।

गत वर्ष असार मसान्तमा लक्ष्मणवा चोकदेखि रामगढवासम्म कालोपत्रमाथि कालोपत्र गरेको, श्रीसिया खालोनजीकको ५ सय मिटर कालोपत्र भत्काएर सडक जीर्ण बनाएकोले आवागमनमा समस्या

(बाँकी दोस्रो पातामा)

## वैकल्पिक शिक्षाभन्दा विद्यालय खोल्न जोड

प्रस, पोखरिया, १४ असोज/

सामुदायिक विद्यालय सञ्चालन गर्न अभिभावकहरूले जोड दिएका छन् । सरकारले सामुदायिक विद्यालयमा वैकल्पिक माध्यम अपनाएर शिक्षा प्रदान गर्नका लागि निर्देशन दिएपछि वैकल्पिक शिक्षाको लागि सर्भे गरिरहेका शिक्षकहरूलाई अभिभावकहरूले विद्यालय सञ्चालन गर्न आग्रह गरेका हुन् ।

अभिभावकहरूले विद्यालय सात महीनादेखि बन्द भएको अवस्थामा नानीहरू घरमा नबस्ने, साथीभाइसँग खेल्न व्यस्त हुने, केही घरायसी काममा लागेका र वैकल्पिक शिक्षाका लागि अधिकांश परिवारमा टिभी, मोबाइल, रेडियो नभएकाले विद्यालय सञ्चालन गरेर शिक्षा प्रदान गर्न आग्रह गरे ।



कालिकामाई गापामा अभिभावक आफ्नो मत दिंदै । तस्वीरः धर्मेन्द्र चौरसिया

पर्सा जिल्ला कालिकामाई गाउँपालिका–१ मुडलीका रमेश डोमले वैकल्पिक शिक्षामा आफ्नो टोलका अधिकांशको पहुँच नभएकोले विद्यालय सञ्चालन गर्न आग्रह गरे । उनले कोरोना सङ्क्रमणका कारण विद्यालय सञ्चालन नगर्ने हो भने ठीक छ नत्र वैकल्पिक शिक्षाबाट आफ्ना नानीहरूले लाभ लिन नसक्ने बताए ।

विद्यालयमा बालबालिका, शिक्षकहरूको मात्र सहभागिता हुने हुँदा सङ्क्रमणको जोखिम न्यून भएको उनको तर्क छ । यसै पनि विद्यालय बन्द भएको अवस्थामा नानीहरू घरमा नबस्ने, खेतखलियानमा काम गर्ने, वस्तु चराउने जस्ता काममा लागेकै हुँदा त्यसो गरेर आउँदा सङ्क्रमण नफैलिने तर विद्यालयमा अध्ययन गर्दा सङ्क्रमणको जोखिम उच्च कसरी हुने भनेर प्रश्न गरे । कालिकामाई गापा–१ मा वैकल्पिक शिक्षाको लागि सर्भे गर्दा कुल २२५ घरधुरीमा ४५ प्रतिशतसँग मात्र मोबाइल, टिभी, रेडियोको पहुँच भएको, ३० प्रतिशतसँग मोबाइल र २५ प्रतिशतसँग कुनै पहुँच नभएको सर्भेबाट देखिन्छ । यही अवस्था गापाका विभिन्न वडाका साथै धोबिनी, छिपहरमाई, पकाहामैनपुर, विन्दवासिनी गापा र पोखरिया नगरपालिकामा पनि समान अवस्था छ । यसका साथै यी ठाउँमा भारतीय डिस च्यानलहरूको प्रयोग बढी छ । जसले गर्दा नेपाल टिभीबाट वञ्चित छन् । असोज १३ गते मङ्गलवारका दिन धोबिनी गाउँपालिकाको कार्यालयले गापामा रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको भेला गरेको थियो । १७ वटा विद्यालयका प्रधानाध्यापक सहभागी रहेकोमा उनीहरूले दशैंपछि विद्यालय सञ्चालन गर्न सकिने बताए । गापा अध्यक्ष सुरेश कुर्मीले तत्काल विद्यालय सञ्चालनका लागि राय मागेपछि प्रअहरूले दशैंपछि सञ्चालन गर्न सकिने सुझाव दिएका थिए ।

## वैकल्पिक शिक्षा सञ्चालन गर्न नपाको अनुरोध

बलिराम शुक्ला, बिरुवागुठी, १४ असोज/

कोरोना महामारीका कारण चैत ११ गतेदेखि बन्द रहेका पर्सागढी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू वैकल्पिक शिक्षा सहजीकरण प्रणालीबाट सञ्चालन गर्न नगरपालिकाले अनुरोध गरेको छ ।

पर्सागढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सालिकराम ढकालले जारी गरेको विज्ञप्ति अनुसार नेपाल सरकार शिक्षा तथा प्रविधि मन्त्रालयले जारी गरेको वैकल्पिक शिक्षा प्रणालीबाट विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका–२०७७ बमोजिम विद्यालयमा विद्यार्थीहरूलाई सिकाइ सहजीकरण गर्न/गराउन भनिएको छ ।



पर्सागढी नगरपालिकाको कार्यालय । तस्वीरः प्रतीक

यता लामो समयदेखि विद्यालय बन्द हुँदा विद्यार्थीहरूको पठनपाठनमा गम्भीर असर परेको अभिभावकहरूले गुनासो गरे ।

नेपाल शिक्षक महासङ्घ, पर्सागढी नगरपालिकाका अध्यक्ष रामबहादुर चौधरीले वैकल्पिक शिक्षा प्रणाली

(बाँकी दोस्रो पातामा)

## सङ्क्रमित महिलाले छोरा पाइन्, कोभिड बिरामीको उपचारको व्यवस्था वीरगंज हेल्थकेयरमा

प्रस, वीरगंज, १४ असोज/

कोरोना सङ्क्रमित महिलाको शल्यक्रिया गरी बच्चा जन्मिएको छ ।

वीरगंज, रामगढवा निवासी २५ वर्षीया महिलाको वीरगंज हेल्थकेयरमा बुधवार बिहान ६ बजेर ४० मिनेटमा शल्यक्रियामार्फत् छोरा जन्मिएको अस्पतालका अध्यक्ष डा अबुलहैस अन्सारीले जानकारी दिए । अहिले आमा र छोराको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

गर्भवती महिला सङ्क्रमित भएपछि नेशनल मेडिकल कलेज कोभिड अस्पतालले भर्ना लिन नमानेपछि घरमैं अक्सिजन लिंदै उपचार गराइरहेकी थिइन् ।

सो घटना समाचारमा आएपछि नारायणी अस्पतालले एम्बुलेन्स पठाइ भर्ना लिएको थियो । नारायणी अस्पतालबाट उनलाई वीरगंज हेल्थकेयरमा पठाइएको थियो र त्यहाँ उनको शल्यक्रियामार्फत् बुधवार बच्चा जन्मिएको हो ।

नारायणी अस्पतालको पहल तथा जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको सहकार्यमा निजी अस्पतालमा सङ्क्रमित गर्भवती महिलाको शल्यक्रिया गरिएको मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जय ठाकुरले बताए ।

केही दिनअघि एकजना सङ्क्रमित मिर्गौला रोगीको वीरगंज हेल्थकेयरमा डायलोसिसको व्यवस्था गरिएको डा ठाकुरले बताए ।

दुई दिनअघि जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठकमा नेशनल मेडिकल कलेज कोभिड अस्पतालले सुत्केरी महिला, मिर्गौला रोगी तथा शल्यक्रिया गर्नुपर्ने बिरामीलाई भर्ना नलिएको विषयमा विवाद भएको थियो ।

कलेजका निर्देशक डा प्रमोद सर्राफले बैठकमा नारायणी अस्पताल पुनः कोभिड अस्पताल बनाएर साधारण बिरामीहरूलाई आफ्नो अस्पतालमा पठाउनुपर्ने भनेपछि प्रमुख जिल्ला अधिकारी आसमान तामाङले प्रतिवाद गरेका थिए । त्यसपछि बैठक स्थगित भएको समाचार स्रोतको दाबी छ ।

तर पछि केन्द्रको बैठकले नारायणी अस्पताललाई कोभिड अस्पताल नबनाउने तर विकल्पका लागि वीरगंज हेल्थकेयरमा छुट्टै वार्डमा कोरोना सङ्क्रमितहरूलाई सेवा दिन पहल गर्ने र सो खर्च नेपाल सरकारले दिने निर्णय गरेको थियो ।

## शिक्षामा नाटक भइरहेको छ

**समाचार विश्लेषण**

प्रस, वीरगंज, १४ असोज/

हालै सरकारले जारी गरेको वैकल्पिक शिक्षा प्रणालीमा तोकिएको कार्यप्रणाली सुन्नमा अति राम्रो लागे तापनि व्यवहारमा उतार्न धेरै कठिनाइ भइरहेको शिक्षकहरूले बताएका छन् ।

विद्यालयहरूलाई मौखिक सूचनाको आधारमा टोलटोलमा गएर तथ्याङ्क सङ्कलन गर्न र पढाउन भनिए तापनि कुनै पनि प्रकारको पत्र विद्यालय वा शिक्षकहरूलाई नदिएको गुनासो उनीहरूले गरेका छन् । केही विद्यालयले शिक्षकहरूलाई सहयोग गर्नु भनी पत्र दिएका छन् । यस कुरालाई सम्बन्धित टोलका अभिभावकहरूले स्वीकार गरेका छैनन् ।

एकजना शिक्षक रानीघाटमा पढाउन जाँदा प्रहरीले पत्र मागेको र ती शिक्षकसँग पत्र नहुँदा पढाउन दिइएन । अर्का एकजना शिक्षकसँग अभिभावकहरूले तपाईंहरूको कोरोना बीमा सरकारले गरिदिएकोले तपाईंहरू ढुक्क हुनुहुन्छ तर हाम्रो सन्तानलाई कोरोना भएमा विद्यालय वा महानगरपालिका कसले उपचार खर्च बेहोर्ने भनी सोधेका थिए । यसैगरी, एकजना वडाध्यक्षले प्रहरीलाई फोन गरी शिक्षक टोलमा पढाउन आएका छन् के गर्ने भनी सोध्दा प्रहरीले जिल्ला प्रशासन कार्यालयलाई सोध्नु भनेको थियो ।

अर्कोतर्फ जिल्ला प्रशासन कार्यालयले वैकल्पिक शिक्षा प्रणाली अँगाली पढाउन भनेकोमा शिक्षकहरू टोलटोलमा गई पढाउँदा कतिको उचित र प्रभावी हुनेछ । के त्यहाँ कोरोनाको सन्त्रास हुँदैन ? के कोरोना विद्यालयमा गएर पढ्दा मात्र लाग्ने हो ? के स्थानीय सरकारले वैकल्पिक शिक्षाका आवश्यक उपकरण तयार गरिसकेको छ ? अर्थात् रेडियो, टेलिभिजन, अनलाइन आदि कुन माध्यमले शिक्षा दिने, सोको तयारी के स्थानीय सरकारले गरेको छ ? विद्यालयले यी कुराहरू कसरी विद्यार्थीहरूलाई उपलब्ध गराउन सक्छ भनेको छ ? के यसका लागि कुनै प्रकारका तालीम प्रधानाध्यापक, शिक्षकहरूलाई प्रदान गरिएको छ ?

त्यहीं अर्कोतिर सामाजिक सञ्जालमा जुन फोटाहरू राखिएका छन्, ती मात्र देखावटी हुन् । नगवामा उपस्थित सयजना विद्यार्थीलाई एउटै कोठामा राखेर पढाइएको पाइएको छ भने त्यहाँ शौचालयको व्यवस्था नभएको कारण विद्यार्थी र शिक्षकलाई पर्ने अप्ठेरोबारे के नगरपालिकालाई थाहा छ ? टोल–टोलमा गएर पढाउँदा विभिन्न कक्षा र माध्यमका विद्यार्थीहरूलाई दुईजना शिक्षकले कसरी पढाउन सक्छन् भन्नेबारे के कसैले सोचेको छ ? अङ्ग्रेजी माध्यममा पढाउँदा नेपाली माध्यमलाई गाऱ्हो हुने र नेपालीमा पढाउँदा अङ्ग्रेजी माध्यमलाई गाऱ्हो हुने कुरा के महानगरपालिकालाई थाहा छ ? के यही हो वैकल्पिक शिक्षा प्रणाली ?

त्यहीं दिनदिनै टोल–टोल चहार्दा धेरै शिक्षक बिरामी पर्न थालेका छन् । यसतर्फ शिक्षासँग सम्बन्धित सबै निकायले ध्यान पुऱ्याउनु र ठोस उपाय अवलम्बन गर्नु आवश्यक छ । अन्यथा यो नाटक मात्र साबित हुनेछ ।

**समय त समयमा नै बदलिन्छ, यो त मानिस हो, जो जुन क्षण पनि बदलिन सक्छ ।**

-विचारसार एवं सूक्तिहरू


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# छोडौं पिसिआरको पिरलो

**विश्वव्यापी कोरोना महामारी चलिरहेको वर्तमान अवस्थामा कसो गर्दा सङ्क्रमणबाट बच्न सकिन्छ भन्ने चिन्ता सर्वत्र छ। यसरी सङ्क्रमणबाट बच्ने प्रयासमा मानिसले अनेक हैरानी र झन्झट बेहोरिरहेका छन्। यसरी सावधानी अपनाउने क्रममा जसले जे भन्यो त्यही सही होला भनेर अन्ध अनुसरण गर्ने क्रम पनि चलेको छ। व्यक्ति वा संस्थाको कुरा होइन, कोरोना नियन्त्रण गर्ने उपायका बारेमा विकसित मुलुकका सरकार तथा सरकार प्रमुखहरू नै द्विविधामा छन्। वास्तविकता नबुझी आधी उपाय अनुसरण गर्दा सङ्क्रमण नियन्त्रण हुने होइन, झन् थपिएका घटनाहरू प्रशस्तै छन्। कोरोना सङ्क्रमितको सङ्ख्या घट्ला भन्दा बढ्नुले पनि हामीले अवलम्बन गरिरहेका सङ्क्रमण नियन्त्रणका उपायहरू सही साबित भइरहेका छैनन् भन्ने ठोकुवा गर्न सकिन्छ। यसर्थ 'हामीले कहाँ कमीकमजोरी गरिहेका छौं, समीक्षा जरुरी छ।**

**शुरूमा क्वारेन्टाइनलाई प्राथमिकता दिइयो, भारतलगायत विदेशबाट आउनेहरूलाई १४ दिन क्वारेन्टाइनमा राखियो। गाउँटोलमा सार्वजनिक क्वारेन्टाइन निर्माण गरियो। विभिन्न स्थानबाट आएकाहरूलाई एउटै क्वारेन्टाइनमा राखियो। त्यति मात्रै होइन। फरक-फरक मितिमा आएकाहरूलाई पनि एउटै क्वारेन्टाइनमा राखियो। एउटा टोली क्वारेन्टाइनबाट बिदा हुन लाग्दा अर्को टोली चाहिं भर्खर आइपुगेका हुन्थे। अन्ततः सार्वजनिक क्वारेन्टाइन सङ्क्रमण नियन्त्रण केन्द्रभन्दा पनि रोग प्रसारण केन्द्रको रूपमा परिणत भयो। पर्सा जिल्लाकै एउटा क्वारेन्टाइनमा एकजना सङ्क्रमितबाट १४ जनासम्म फैलिएको अनुमान छ। सार्वजनिक क्वारेन्टाइनमा राख्दा शौचालय, धारा सुरक्षित हुन सकेन, सामाजिक दूरी अपनाइएन। अर्कोतर्फ 'क्वारेन्टाइनमा बस्नु नै कोरोनाविरुद्धको औषधि हो' भन्ठानेर सर्वसाधारण ढुक्क भए। यसले सङ्क्रमणलाई बल पुग्यो। पछिल्लोपटक होम क्वारेन्टाइन भरपर्दो देखिएको छ। यसैबीच मास्कबाट सङ्क्रमण फैलिएको आशङ्का भएपछि सर्भे गरियो। करीब ८ प्रतिशतले मात्रै मास्क सही किसिमले लगाएको अध्ययन प्रतिवेदनले देखाएको छ। चिउँडोमा मास्क लगाएर ढुक्क भई भीडभाडमा जाने, एउटै मास्क धेरै दिन लगाउने, गुणस्तर नभएको मास्क लगाउने र नधोएको हातले पटक-पटक मास्क छुने गर्नाले कोरोना सङ्क्रमण फैलिएको देखियो।**

**अहिले पिसिआर परीक्षणले हामीलाई झुक्याउँदै छ र यसले पनि सङ्क्रमण वृद्धि गर्ने निश्चित छ। पिसिआर परीक्षण रिपोर्ट हातमा भएपछि सरकारले समेत विश्वास गर्छ। त्यसैले ठूला शहरका घरभेटीहरूले बहालवालालाई पिसिआर रिपोर्ट भए मात्रै प्रवेश गर्न दिइरहेका छन्। पिसिआर रिपोर्ट भनेको स्वाब दिने बेलासम्मको मात्रै परीक्षण हो। स्वाब दिएलगत्तै वा लामो यात्रा गरी डेरासम्म पुग्दा उसलाई कोरोना सङ्क्रमण भइसकेको पनि हुन सक्छ। तर हातमा पिसिआर रिपोर्ट देखेपछि सबै विश्वास गर्ने र लसपस हुने अर्थात् भौतिक दूरी साथै स्वास्थ्य मापदण्ड ख्याल नगर्ने भयो। अब त नक्कली पिसिआर रिपोर्ट बनाएर पनि काम चलाउन थालेको कुरा प्रकाशमा आइसकेको छ। यसर्थ पिसिआरमा भर पर्दा सङ्क्रमण रोकिनेभन्दा पनि बढ्ने भएकोले पिसिआरलाई प्राथमिकता दिने कार्य सरकारीस्तरबाटै बन्द गरिनुपर्छ। लक्षण देखिएको अवस्थाबाहेक होम क्वारेन्टाइन, भौतिक दूरी र स्वास्थ्य मापदण्ड अपनाउनु नै सबैभन्दा उत्तम उपाय हो।**

# वर्षा र किसानको पीडा

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**किसान खुशी भए देश अन्नमा आत्मनिर्भर बन्ने बाटोमा अग्रसर हुन सजिलो हुन्छ। किसानको पीडा र समस्यालाई धान उत्पादनपछि सरकार र सम्बन्धित पक्ष तथा निकायले बुझ्नु आवश्यक भइसकेको छ। 'समृद्ध नेपाल र सुखी नेपाली'को सपना किसानको खुशीसित पनि जोडिएको छ।**

नेपालको वर्तमान कृषि प्रणाली आकाशे पानीमाथि निर्भर छ। नेपालले मध्य असारमा धान दिवस मनाउँछ तर नहरमा पानी भने साउनदेखि आउँछ। यसको अर्थ भरपर्दो सिंचाइ प्रणाली नै छैन। अन्तिम समयमा काम गर्ने प्रवृत्तिले गर्दा रोपाइँको समयमा नहरमा पानी हुँदैन तर वर्षा भयो भने समयमैं रोपाइँ गर्न सजिलो हुन्छ। यस वर्ष करीब देशभरका किसानले समयमा धान रोप्न पाए। लकडाउनको अवस्था रहेको, बीउ र मल समयमा नपाए पनि समय-समयमा पानी परेको र खेतीहर मजदूर पनि पर्याप्त पाइएकाले समयमैं धान खेती शुरू र सम्पन्न पनि भयो। रोपाइँको समयमा मलबाहेक किसानको धानखेती सुखद रह्यो।

धानखेतीको सुरुआतदेखि नै किसान सन्तुष्ट थिए। सबै कुरा यथावत् रहे यसपटक धानको उब्जनी राम्रो हुने विश्वास किसानमा थियो। किसानले खेतमा पानी खोजेको समयमा पानी परिदिन्थ्यो। एकपटक अलि ठूलो बाढी आयो र केही धानखेतमा असर पाऱ्यो। गैरी खेतमा लगाइएको बालीलाई त त्यति बेला गम्भीर असर नै पुऱ्यायो। त्यसपछि खासै ठूलो पानी आएन। खडेरी पनि परेन। यसपालि धानखेतीमा किसानले बोरिङको पानी प्रयोग गर्नु परेन। वर्षाको पानीले साथ दिइरह्यो। असोजको पहिलो हप्तासम्म वर्षाले किसानलाई सन्तुष्ट पार्दै रह्यो तर गत हप्ताको वर्षाले कतिपय किसानलाई भने निकै ठूलो क्षति पुऱ्याएको देखिएको छ।

सबैभन्दा ठूलो क्षति तरकारी खेतीलाई पुगेको छ। पूर्वदेखि पश्चिमसम्म तराईका जिल्लाहरूमा तरकारीखेतीलाई गम्भीर क्षति पुऱ्याएको छ, वर्षाले। तरकारी खेतमा पानी जमेर आलु, मूला, काउली, रायो, भन्टा, खुर्सानीजस्ता तरकारी बाली गलेको पाइयो। साग र सागको बेर्ना सखाप भयो। दशैं र तिहारमा उत्पादन हुनुपर्ने तरकारीखेती सखाप भएको छ। धानबाली नलगाई अलिक पानी नजम्ने खेतमा चाडपर्वको समयमा महँगोमा बिक्री गर्न लगाइएको तरकारीखेतीको लागत पनि बढी नै हुन्छ। बढी लागतबाट चाडपर्व लक्षित व्यावसायिक तरकारीखेती करीब सखाप भइदिंदा तरकारी किसानलाई कहिल्यै नभएको क्षति पुगेको देखिएको छ।

तरकारीमा मात्र नभएर धानखेतीमा पनि ठूलो क्षति पुगेको छ। मुख्यगरी भदैया धानलाई वर्षाले ठूलो क्षति पुऱ्याएको हो। भदैया धान प्रायः असोजको दोस्रोदेखि चौथो हप्ताभित्र काटेर लगत्तै तरकारी वा अन्य खेती गर्न सजिलो हुन्छ। धान पनि छिटो हुने र अन्य बाली पनि लगाउन पाउने हुनाले अधिकांश परिश्रमी किसानले सामर्थ्यले भ्याएजति खेतमा भदैया धानखेती गर्दै आएका छन्। धान पाक्ने वा पाकिसकेर काट्ने बेलामा बताससँगै आएको करीब पाँच दिने झरीले धानलाई खेतमैं सुताइदिएको र पानीमा धानको बाला परेपछि धेरै किसानको खेतमैं भदैया धानको बाला उम्रेर खेती नै बर्बाद भएको पाइएको छ। वास्तवमा किसानलाई अपूरणीय क्षति पुगेको देखिएको छ। पछिल्लो वर्षाले कात्तिके र मङ्सिरे धानलाई केही फाइदा पुगेको छ।

यस वर्ष शुरूदेखि नै पानी पर्न छोडेको छैन। प्रायः हरेक महीनामा पानी परेको छ। निरन्तरको पानीले यस वर्षको उखुखेतीलाई पनि प्रभावित तुल्याएको छ। उखुखेतीको लागि यस वर्षको जस्तो पानी आवश्यक पर्दैन। सामान्य वर्षा भए पुग्छ। बेलाबेलामा किसानले बोरिङले सिंचाइ गरेर राम्रो उखु उत्पादन गर्न सक्छन् तर यस वर्ष निरन्तर पानी परिरह्यो। यसले गर्दा उखुको जरामा निरन्तर पानी जमिरह्यो। उखु मोटाउन पाएन, उखुको नयाँ झार पलाउने अवसर कम भयो। अझ केही होचो र पानी जम्ने खेतमा लगाइएको उखुखेती त झन् कमजोर हुन पुग्यो। गत वर्षको तुलनामा निकै कमजोर भएको उखुखेतीले उत्पादनमा पर्याप्त ह्रास ल्याउने सम्भावना देखाइरहेको छ। उखु किसान यस वर्ष उखुखेतीबाट त्यति उत्साहित देखिएका छैनन्।

व्यावसायिक तथा निजी तरकारीखेतीदेखि उखुखेतीसम्म र भदैया धानखेतीमा वर्षाले प्रभाव पारेको देखिए पनि समग्रमा धानखेतीबाट भने किसान सन्तुष्ट छन्। वर्षाले धानखेतीमा मल नपुगेको क्षति पूर्ति गरिदिएको छ। मल त किसानहरूले दोब्बरदेखि तेब्बर मूल्य तिरेर लुकीछिपी खेतमा छर्न भ्याएका थिए। रोपाइँकै समयमा हाल्नुपर्ने मल केही ढिलो हालेका थिए। वास्तवमा यस वर्षको मौसम धानखेतीको लागि प्रारम्भदेखि नै अनुकूल भएकोले वा समय-समयमा पानी परेर धानखेतमा पानी सुक्न नदिएकोले धानको अनुहार सधैं हरियो रहिरह्यो। निरन्तरको वर्षाले गर्दा धानखेतीमा यस वर्ष अन्य वर्षको तुलनामा खासै रोग लागेको देखिएको छैन। अन्य वर्षको तुलनामा कीटनाशक औषधि, मल तथा पानीमा खर्च पनि ज्यादै न्यून भएको छ। कम लागतमा यस वर्ष धानको उत्पादन बढ्ने आशामा रहेका किसानहरूले सबै पीडा बिर्सेर धानको हरियो बालाले आफ्नो मनमा खुशी भरिरहेका छन्।

फस्टाएको धान देखेर खुशी भइरहँदा किसानको मनमा एउटा नजानिंदो डर पनि भित्रिइरहेको छ। केही गरी सबै कुरो अनुकूल रह्यो र पूर्वानुमानझैं धानको उब्जनी राम्रो भयो भने धानले मूल्य पाउँदैन। पहिलेका वर्षहरूमा किसानले यो पीडा भोगिसकेका छन्। त्यही चिन्ता र पीडाको निरन्तरता हुने डरले अहिलेदेखि नै किसानलाई सताउन थालेको छ। कोरोनाको कठिन समयमा देशलाई राम्रो उत्पादन दिने तर्खरमा रहेका धान किसानलाई आफ्नो उत्पादनको मूल्य नपाउने हो कि भन्ने डर पनि लाग्न थालेको छ। यस वर्ष बाहिर जाने काम पनि नहुने र नगद आर्जनको अन्य उपाय नरहेको बेला धानले मूल्य नपाउला भन्ने चिन्ता यस अर्थमा पनि लाग्न थालेको छ कि यदि धानले उचित मूल्य पाउँदैन भने अरू काम चलाउन निकै मुश्किल हुन्छ।

अलिकति खेती भएको र मौका पाउनासाथ गाउँ छाडेर पञ्जाब, हरियाणा तथा बुटवल र चितवनसम्म पुगेर नगद कमाउने गरेका खेतीहर मजदूरहरूले यस वर्ष बाहिर गएर रोजगार पाउने अवसर गुमाएका छन्। अर्थात् साधारण किसानको हातमा नगद छैन। नगद नभए पनि नगद पैसाले गर्नुपर्ने काम उनीहरूका अगाडि अवश्य छ। र अबको दिनमा जब धान भित्रिन्छ, गरीब किसानले आफ्नो तत्कालीन आवश्यकता धान्न उत्ति नै बेला धान बेच्नुपर्ने हुन्छ। धान बेच्दा उचित मूल्य पाएनन् भने थप पीडा हुन्छ। धेरै धान बेच्नुपर्छ। कुनै वैकल्पिक रोजगार पाइएला वा नपाइएला तर खेतमा अलिकति धान राम्ररी फलेको देखेर खुशी भएका साधारण किसानले गर्जो टार्न सामान्यभन्दा बढी धान बेच्नुपर्दा निश्चय नै दुःखी हुनु स्वाभाविक हो। यस प्रकारको चिन्ता किसानमा अहिले नै देखिएको छ। सरकारले धानको समर्थन मूल्य नतोकेको होइन, तर आवश्यक पर्दा जब कतै लगेर बेच्न खोजिन्छ, किन्नेको 'समर्थन मूल्य'ले काम गर्न थाल्छ। यसमा सरकार नै सबै हिसाबले दोषी हो भन्ने होइन। किन्नेले पनि इमानदार भइदिनुपर्ने, समाज पनि सजग भइदिने र किसानले पनि आफ्नो समस्या सजिलै सुनाउन पाउने अवस्था भयो भने किसानको समस्या सही किसिमले समाधान हुन पाउँछ।

धानको हरेक दानामा किसानको श्रम परेको हुन्छ। धान किसानले कुनै किसिमको सहुलियत पाउने गरेको छैन। यस वर्ष त झन् लकडाउनको समयमा खेती भएको छ। सरकारले किसानलाई मल पनि उपलब्ध गराउन नसकेको यथार्थ सबैले सामु छर्लङ्ग छ। निकै कष्ट गरेर घाम र पानी सहेर किसानले उब्जाएको धानको उचित मूल्य पाउने वातावरण बन्यो भने किसान खुशी हुन्छ। किसान खुशी भए देश अन्नमा आत्मनिर्भर बन्ने बाटोमा अग्रसर हुन सजिलो हुन्छ। किसानको पीडा र समस्यालाई धान उत्पादनपछि सरकार र सम्बन्धित पक्ष तथा निकायले बुझ्नु आवश्यक भइसकेको छ। किसानका पीडाहरूको समयमैं सम्बन्धित निकायहरूबाट सम्बोधन होओस्। 'समृद्ध नेपाल र सुखी नेपाली'को सपना किसानको खुशीसित पनि जोडिएको छ।

# सीमामा अवैध क्रियाकलाप रोक्न बैठक

प्रस, सिम्रौनगढ, १४ असोज/

नेपाल-भारतका सुरक्षाकर्मीबीच भारतको आधापुरमा सम्पन्न बैठकले सीमावर्ती क्षेत्रमा गैरकानूनी गतिविधि नियन्त्रण गर्ने सहमति भएको छ।

मङ्गलवार भारत, आधापुरको बेलदर्वामा बसेको बैठकले सीमावर्ती क्षेत्रमा हुने तस्करी, मानव तस्करीलगायतको गतिविधि नियन्त्रण गर्न छलफल भएको भारत, घोडासहनका सञ्चारकर्मी राहुल कुमारले बताए। बैठकमा भारतका एसएसबी कमान्डेट देवानन्द र बाराका सशस्त्र प्रहरी उपरीक्षक रविनराज कर्ण सहभागी थिए।

# स्वास्थ्य चौकी भवनको उद्घाटन

प्रस, रौतहट, १४ असोज/

बौधीमाई नगरपालिका-३ मटिअर्वामा बुधवार आधारभूत स्वास्थ्य चौकीको उद्घाटन गरिएको छ।

कार्यक्रममा प्रमुख अतिथि नेकपा प्रदेश २ का सदस्य त्रिभुवन साहले चौकीको उद्घाटन गरेका थिए।

वडाध्यक्ष श्रीभगवान् पटेलको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिकाका उपप्रमुख प्रेमलता कुशवाहा, स्वास्थ्य संयोजक राकेशकुमार यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

**हुलाकी...........**

भइरहेको छ।

हुलाकी सडकखण्डको चमरी खोलादेखि ठोरीको चौतारासम्मको ३० किलोमिटर सडकखण्ड निर्माणको जिम्मा पाएको बाँनिया कन्स्ट्रक्शनले ९५ प्रतिशत काम सम्पन्न गरिसकेको छ। तर पप्पु कन्स्ट्रक्शनको अनुसार उसले ३५ प्रतिशत मात्र काम सम्पन्न गरेको छ। पप्पुले यस किसिमले निर्माण कार्य गर्दा सरोकारवाला निकाय चुप लागेर बस्नु विकासको नाममा गलत अभ्यासले प्रसय पाएको स्थानीयको आरोप छ।

यस विषयमा हुलाकी सडकका भारतीय कन्सल्टेन्ट बप्पुन बोहोरासँग सम्पर्क गर्दा उनले हुलाकी सडक निर्माणका लागि पप्पु कन्स्ट्रक्शनले २०७२ सालमा ठेक्का लिएको र सोको अन्तिम म्याद २०७७ पुस १३ गतेसम्म रहेको जानकारी दिए। ठेकेदारले ठेक्काभित्र पर्ने सबै काम सिध्याउनुपर्ने हुन्छ। अनिमात्र सबै भुक्तानी पाउने बोहोराले जानकारी दिए। भएको कालोपत्र भत्काएर कालोपत्र नगर्न आफूले पहिले नै सुझाव दिएको तर ठेकेदारले नमानेपछि आफूले केही गर्न नमिल्ने बोहोराको भनाइ रहेको छ। पप्पु कन्स्ट्रक्शनले त तोकिएको समयमा जसरी पनि काम गर्नुपर्छ नत्र भारतीय सरकार रकम फिर्ता लैजाने तयारीमा रहेको बोहोराको भनाइ छ।

भारतीय कन्सल्टेन्ट बोहोराका अनुसार ५ वर्ष अवधिमा पप्पु कन्स्ट्रक्शनले ३० प्रतिशत काम गरेको बताए। अहिले देखिएको जनशक्ति तथा उपकरणले तोकिएको समयमा पप्पुले काम गर्न नसक्ने बोहोराको भनाइ छ। तर ठेकेदार कम्पनीले म्याद सकिन दुई महीना अवधिभित्र बाँकी ७० प्रतिशत काम सम्पन्न गर्ने दाबी गर्दै आएको बोहोराले बताए।

# चार बोरा पटाका बरामद

प्रस, सिम्रौनगढ, १४ असोज/

इलाका प्रहरी कार्यालय, सिम्रौनगढले चार बोरा पटाका र कस्मेटिक सामान गएराति बरामद गरेको छ।

भारतबाट नेपालतर्फ भारतीय नं.को मोटरसाइकलमा तस्करले ल्याइरहेको चार बोरा पटाका र कस्मेटिक सामान अमरपुर नाकाबाट बरामद गरिएको प्रहरी निरीक्षक सुरेन्द्र तामाङले बताए। प्रहरीलाई देखेपछि तस्कर मोटरसाइकल र सामान छोडी फरार भएको इप्रका सिम्रौनगढले जनाएको छ।




**वैकल्पिक शिक्षा.....**

विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ बमोजिम ग्रामीण भेगमा सिकाइ कार्यक्रम प्रभावकारी हुन नसक्ने बताए।

प्रतीकसँग कुरा गर्दै उनले विद्यार्थीहरूको आर्थिक अवस्था कमजोर रहेको र सम्पूर्ण विद्यार्थीको घरमा रेडियो, टिभी, मोबाइल, इन्टरनेट नभएकोले वैकल्पिक शिक्षा प्रणाली प्रभावकारी नहुने बताए। उनले विद्यार्थीहरूलाई विद्यालयमा बोलाइ सामाजिक दूरी, माक्स र सेनिटाइजरको प्रयोग गराइ विद्यालयको तह अनुसार फरक-फरक दिनको अन्तरालमा कक्षा सञ्चालन गर्दा प्रभावकारी हुने सुझाव दिएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# ज्येष्ठ नागरिकलाई सम्मान र सहयोग पुऱ्याउन राष्ट्रपतिको आह्वान

काठमाडौं, १५ असोज/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले ३०औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण ज्येष्ठ नागरिकको दीर्घायु, सुस्वास्थ्य, सुख, शान्ति र सम्मानित जीवनका लागि शुभकामना व्यक्त गरेकी छन्।

नेपालको सांस्कृतिक परम्परा र पारिवारिक मूल्यको एउटा मुख्य विशेषता 'मातृदेवोभवः, पितृदेवोभवः'को भावना रहेको र सामाजिक दायित्वप्रति संवेदनशील यस्ता मौलिक मान्यतालाई आत्मसात गर्दै बदलिंदो परिवेशमा ज्येष्ठ नागरिकको सम्मानपूर्ण जीवन सुनिश्चित गर्नु सबैको कर्तव्य भएको जनाउँदै राष्ट्रपतिले आआफ्ना स्थानबाट ज्येष्ठ नागरिकलाई दिनुपर्ने सम्मान र सहयोग पुऱ्याउन सबैमा आह्वान गरेकी छन्।

परिवारको लालनपालनसहित जीवनका अधिकांश समय विभिन्न क्षेत्रमा क्रियाशील रही आफ्नो ज्ञान, सीप र अनुभवलाई प्रयोग गरेर समाज सुधार र राष्ट्रोत्थानमा ज्येष्ठ नागरिकले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै राष्ट्रपतिले उनीहरूले जीवनभर सँगालेको


राष्ट्रपति विद्यादेवी भण्डारी। तस्वीरः फाइल

अनुभवलाई ग्रहण गर्दै नयाँ पुस्ता मुलुकको समृद्धि हासिल गर्नेतर्फ उन्मुख हुने विश्वास व्यक्त गरेकी छन्।

सन्देशमा भनिएको छ, "ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्रदान गर्न नेपालको संविधानले गरेको मौलिक हकको व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्ने दिशातर्फ नेपाल सरकार अग्रसर रहेको छ। ज्येष्ठ नागरिकको सम्मान र सुरक्षाका लागि विक्रम संवत् २०५१ देखि शुरू गरिएको ज्येष्ठ नागरिक भत्ता यस सन्दर्भमा एउटा कोसेढुङ्गाका रूपमा रहेको छ, जसले आजसम्म निरन्तरता पाएको छ। सामाजिक सुरक्षाको दायरालाई क्रमशः फराकिलो बनाउँदै सरकारद्वारा स्वास्थ्य बीमा कार्यक्रमसमेत लागू गरिएको छ। यी कदमहरूले ज्येष्ठ नागरिकप्रति राज्य, समाज र परिवारको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन र उहाँहरूको आत्मसम्मान वृद्धि गर्न योगदान पुगेको छ भन्ने मेरो विश्वास रहेको छ।"

ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाई जीवनोपयोगी बनाइ थप विस्तार गर्दै लैजान राष्ट्रपति भण्डारीले सम्बद्ध पक्षको ध्यानाकर्षण गराउँदै उनीहरूको जीवनलाई सम्मानित, मर्यादित र सुखमय बनाउन सबैमा आह्वान गरेकी छन्।

सन् १९९१ देखि हरेक वर्ष अक्टोबर १ तारिखलाई ज्येष्ठ नागरिकलाई सम्मान र अधिकारमा पहुँच पुऱ्याउने उद्देश्यका साथ संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वभर अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइन्छ।

राष्ट्रसङ्घले यस वर्ष अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका अवसरमा 'महामारीः के ज्येष्ठ नागरिकलाई हेर्ने दृष्टिकोणमा फरक ल्याउँला ?' भन्ने नारा राखेको छ।

# काउन्सिलको सेवालाई प्रभावकारी बनाइने

काठमाडौं १४ असोज/रासस

प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकीले काउन्सिलबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। कार्यवाहक अध्यक्ष बुढाथोकीले आज दश बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गर्दै काउन्सिलमा नयाँ शैली अवलम्बन गरी आजको काम आजै सम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन्।

प्रतिबद्धतापत्रमा काउन्सिलले अबदेखि उपत्यकाबाहिर टाढाबाट आउने सेवाग्राहीलाई पहिलो प्राथमिकता दिएर प्रक्रिया पुगेको अवस्थामा सोही दिन वा २४ घण्टाभित्र काम फत्ते गर्ने भनिएको छ। बुढाथोकीले साँघु साप्ताहिकको सम्पादक नरहने जानकारीसमेत गराएका छन्। उनले कुनै पनि सञ्चारमाध्यमको सम्पादक र राजनीतिक दल तथा सङ्घसङ्गठनमा नरहने घोषणा गरेका छन्।

यही असोज ९ गते कार्यवाहक अध्यक्षमा नियुक्त भएका बुढाथोकीले काउन्सिलको नेतृत्वमा रहँदा कार्यालय समयभन्दा बाहिर कार्यालयको सवारीसाधन प्रयोग नगर्ने बताएका छन्। उनले आमसञ्चारका नयाँ–नयाँ माध्यम र प्रविधिको व्यवस्थापनाका लागि नीतिगत पहल गर्ने बताएका छन्। उनले अनलाइनको नियमन र सुविधाको लागि श्रेणीकरण हुनुपर्ने उल्लेख गरेका छन्। त्यसैगरी, काउन्सिलले गर्दै आएको पत्रपत्रिका वर्गीकरण सम्परीक्षणको काम अघि बढाउन पहल गर्ने बताएका छन्। साथै उनले आफ्नो पारिश्रमिकको दश प्रतिशत रकम सामाजिक सेवा, असहाय, अपाङ्गता भएका बालबालिका र राष्ट्रिय महत्त्वका अनुसन्धान तथा खोजमा संलग्न व्यक्ति/संस्थाको लागि उपलब्ध गराउने पनि बताएका छन्।

# सूर्य नेपाल प्रालिद्वारा नपालाई एम्बुलेन्स हस्तान्तरण

दमौली, १४ असोज/रासस

बहुराष्ट्रिय कम्पनी सूर्य नेपाल प्रालिले तनहुँको शुक्लागण्डकी नगरपालिकालाई एम्बुलेन्स सहयोग गरेको छ। बाराको सिमरामा मुख्य कारखाना रहेको प्रालिको शुक्लागण्डकी नगरपालिका–७ शेराटारस्थित चुरोट कारखानाका व्यवस्थापक बाबुराम कार्कीले मङ्गलवार नगरप्रमुख किसान गुरुङलाई महिन्द्रा कम्पनीको एम्बुलेन्सको साँचो हस्तान्तरण गरेका हुन्।

भन्सार छुटमा ल्याइएको एम्बुलेन्सलाई रु १० लाख ५० हजार परेको कार्कीले जानकारी दिए। सामाजिक उत्तरदायित्व बहन गर्दै यस क्षेत्रका ग्रामीण भेगका सर्वसाधारणलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन नगरपालिकालाई एम्बुलेन्स सहयोग गरिएको कार्कीले बताए।

नगर क्षेत्रभित्र समयमैं अस्पताल पुऱ्याउनुपर्ने बिरामीलाई एम्बुलेन्स अति उपयोगी हुने नगरप्रमुख गुरुङले बताए। हाल नगरपालिकाले खैरेनीटार स्वास्थ्यचौकीमा सञ्चालनमा ल्याउन लागेको पाँच शय्याको अस्थायी कोभिड अस्पतालमा उक्त एम्बुलेन्स प्रयोग गरिने गुरुङले जानकारी दिए।

शुक्लागण्डकी नगरपालिकाले खडा गरेको कोरोना सङ्क्रमण रोकथाम नियन्त्रण र उपचार कोषमा गत जेठ महीनामा सूर्य नेपालले रु १० लाख सहयोग गरेको थियो। सूर्य नेपालले विसं २०४३ देखि सिमरामा चुरोट उत्पादन गर्दै आएको छ। तराईमा असुरक्षा महसूस गर्दै कम्पनीले विगत ६ वर्षअगाडि तनहुँको शुक्लागण्डकी नगरपालिकामा उद्योग स्थापना गरेको थियो।

१४५ रोपनी क्षेत्रफलमा फैलिएको तनहुँ प्लान्टबाट वार्षिक ६ अर्ब खिल्ली चुरोट उत्पादन गर्ने लक्ष्य लिइएको छ। सूर्य नेपालमा भारतीय कम्पनी आइटिसीको ५९ प्रतिशत लगानी छ। प्रभाकर शम्शेर राणाको सूर्य इन्टरप्राइजेजसँगै अन्य १० वटा समूहको ३९ प्रतिशत हिस्सा छ भने दुई प्रतिशत ब्रिटिश–अमेरिकन टोबाकोको शेयर छ। कम्पनीले सूर्य, शिखर, बिजुलीलगायतका चुरोट उत्पादन गर्छ।


# उखु किसानले पाउने भए भुक्तानी

सर्लाही, १४ असोज/रासस

जिल्लाका उखु किसानले पाउनुपर्ने सरकारी अनुदानबापतको रकम जिल्लामा पठाइएको छ। सर्लाहीका उखु किसानका लागि रु २१ करोड ३४ लाख ९५ हजार निकासा भएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ।

"उखु किसानका लागि सरकारले पठाउनु पर्ने रु २१ करोड ३४ लाख ९५ हजार निकासा भएको छ, अझै २.५ प्रतिशत बजेट कम निकासा हुन बाँकी छ," कोलेनिका प्रमुख जगतप्रसाद थपलियाले बताए। गत आर्थिक वर्षमा किसानहरूले पाउनुपर्ने रकम कृषि तथा पशुपक्षी विकास मन्त्रालयले यस वर्ष पठाएको हो।

जिल्लाको सर्भे अनुसार उखु किसानका लागि रु २१ करोड ७९ लाख ३८ हजार ६५ निकासा हुनुपर्ने थियो। आव २०७७/७८ को बजेट वक्तव्यमा अर्थ मन्त्रालयले मुलुकभरका उखु किसानलाई दिनुपर्ने सरकारी अनुदानका



लागि रु ९५ करोड छुट्ट्याएको थियो।

हाल सो रकम दामासाहीका हिसाबले जिल्लागतरूपमा निकासा गर्दा २.५ प्रतिशतले कमी रकम सर्लाही आएको हो। केही दिनभित्रै जिल्ला भुक्तानी समितिको बैठक बसेर किसानलाई भुक्तानी गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने कोलेनिका प्रमुख थपलियाले बताए।

बजेट कम भएकाले एकसरो भ्याएजति किसानलाई भुक्तानी सक्ने र बाँकी किसानलाई बाँकी रकम निकासा भएपछि भुक्तानी गर्न सकिने गरी काम अगाडि बढाउने भन्नेबारेमा छलफल भइरहेको समितिका सदस्य–सचिव समेत रहेका कोलेनिका प्रमुख थपलियाले बताए।

केही वर्षयता सरकारले प्रतिक्विन्टल उखुको मूल्य रु ५३६.५६ तोक्ने क्रममा उद्योगीले रु ४७१.२८ तथा सरकारले प्रतिक्विन्टल रु ६५.२८ अनुदानस्वरूप किसानलाई उपलब्ध गराएको छ। सर्लाही मुलुकमैं सबैभन्दा बढी उखुखेती हुने जिल्ला हो। तीनवटा चिनी उद्योग रहेको सर्लाहीमा २० हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा उखुखेती हुने गरेको हरिवन–११ स्थित इन्दुशङ्कर चिनी उद्योग लिमिटेडका उखु प्रबन्धक योगनारायण रजकले बताए।

# व्यावसायिक केराखेतीः सुगर फ्री केरा पनि उत्पादन


जीराभवानी गाउँपालिका–१ का जितेन्द्र यादवले गरेको व्यावसायिक केराखेती। तस्वीरः ओमप्रकाश चौधरी

प्रस, सेढवा, १४ असोज/

जीराभवानी गाउँपालिका–१ निवासी जितेन्द्र यादवले व्यावसायिक केराखेती शुरू गरेका छन्।

यादवले पाँच कट्ठा जग्गामा गत वर्षको कात्तिकमा पाँच सय केराको बोट रोपेका थिए। ११ महीनामा यादवले दुई लाख मूल्यबराबरको केरा उत्पादन गरेका छन्।

उत्पादित केरा एक साताभित्र बेच्ने यादवले बताए। यादवले जी–९ प्रजातिको केरा रोपेका छन्। साथै सोही प्रजातिका दशवटा सुगर फ्री केरा पनि रोपेका छन्। यादवले प्रतिदर्जन रु ३५ मा केरा व्यापारीलाई बेच्ने योजना बनाएका छन्।

५ कट्ठा बलौटे जग्गामा अन्य बाली उत्पादन नहुने भएपछि उनले थप १ बिघा १५ कट्ठा जग्गामा करीब साढे तीन हजार केराको बोट रोपेका छन्। यादवले ५ वर्षदेखि व्यावसायिक कुखुरापालन पनि गर्दै आएका छन्।

# मापदण्ड भित्र रहेर खोलामा जान अनुमति


मङ्गलवार छलफलमा सहभागीहरू र इनसेटमा नगरप्रमुख खनाल र उपप्रमुख लामिछाने। तस्वीरः प्रतीक

प्रस, निजगढ, १४ असोज/

निजगढ लालबकैया खोलामा आश्रित परिवारलाई निर्धारित मापदण्डभित्र रही खोलामा जान अनुमति पाएको छ।

वर्षाको समय सकेर पनि नदीजन्य पदार्थ उत्खनन गर्न रोक लागिरहँदा खोलामा आश्रित परिवारलाई बिहान र बेलुकी छाक टार्न समस्या भएको भन्दै सडक अवरुद्ध आन्दोलन शुरू भएको थियो।

निजगढ नगरपालिकाले मङ्गलवार बोलाएको स्थानीय श्रमिक, मजदूर, ट्याक्टर ढुवानी व्यवसायी, क्रसर उद्योगी, ठेकदारसहितको छलफलमा तत्कालका लागि सो समस्या समाधान भएको निजगढ नगरपालिकाले जनाएको छ। आइइई रिपोर्टमा उल्लेख भएको मापदण्ड अनुसार नगरपालिकाले तोकेको क्षेत्रबाट स्थानीय मजदूरहरूद्वारा हाते औजार प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न पाउने सहमति भएको हो। यसरी सङ्कलन गरिएका नदीजन्य पदार्थ नगरपालिकामा कर तिरी स्थानीय ट्याक्टर प्रयोग गरेर खरीद तथा ढुवानी पैठारी गर्न दिन सहमति भएको छ।

सो सहमतिलाई निजगढ कार्यपालिकाको बैठकबाट अनुमोदन भएपछि तोकिएको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न दिइने निर्णय भएको जनाइएको छ। कानूनी अड्चनलाई समेत मध्यनजर गर्दै सर्वपक्षीय सरोकारवालासँग छलफल गरी तत्कालीन समस्याको निकास निकाल्दै सहमतिमा पुगिएको निजगढका प्रमुख सुरेशकुमार खनालले बताए।

राजस्व चुहावटलाई नियन्त्रण गरी समुन्नत निजगढको विकासको गतिलाई क्रियाशील बनाउन, खोलामा आश्रित श्रमिक मजदूरहरूको रोजीरोटी, ट्याक्टर ढुवानी व्यवसायी, उद्योगीलगायत सर्वपक्षीय हितमा तत्कालीन समस्या निराकरण गर्ने गरी सहमति भएको नगर उपप्रमुख लीलादेवी लामिछानेले बताइन्।

खोलामा उत्खनन रोक्का राख्दा आफूहरूको रोजीरोटी गुमेको भन्दै बकैया खोलामा आश्रित दुई सयभन्दा बढी श्रमिक मजदूरले समस्या समाधानका लागि निजगढ नगरपालिकालाई आग्रह गरेका थिए।


**माछापोखरीः** काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका– ९ अन्तर्गत विपी राजमार्गको छेउमा पिन्थली बोसीमा रहेको माछापोखरी। गाउँपालिकाको अनुदानमा स्थानीय युवाले सो पोखरीमा माछापालन गरेको हो। तस्बिरः रासस

# बजारमा भीडभाड बढेपछि प्रहरीद्वारा कडाइ

प्रस, वीरगंज, १४ असोज/

वीरगंज महानगरपालिकामा साउन १० गतेदेखि निषेधाज्ञा जारी छ। सो निषेधाज्ञा असोज १५ गतेसम्म बढाइएको छ। गत भदौ १९ गतेदेखि पसल, व्यवसाय सञ्चालन क्रमिकरूपमा खुकुलो पारिएको छ।

अहिले बिहान ११ देखि अपराह्न ४ बजेसम्म पसल, व्यवसाय सञ्चालनको समय लागि तोकिएको छ। सैलुन, ब्युटिपार्लर, सिनेमाघर, विद्यालय, मठमन्दिर, मस्जिद आदि अहिलेसम्म खुला गरिएको छैन। तरकारी बजार घण्टाघरदेखि पूर्व रेलवे सडकमा तोकिएको छ। कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र पर्साको आदेशमा वीरगंजमा निषेधाज्ञा लागेको हो। तर निषेधाज्ञा लागेको अवधिमा अहिले बिस्तारै सिनेमाघरबाहेक सबैथोक खुल्ने क्रम जारी छ।



वीरगंजको मीनाबजारमा तरकारी किन्न र बेच्नेहरूको भीड। तस्वीरः प्रतीक

आधिकारिकरूपमा विद्यालय सञ्चालनमा नआए पनि केही सामुदायिक विद्यालयले टोल शिक्षाको नाममा विद्यालयमा कक्षाकोठाभित्र अध्ययन गराउँदै आएको शिक्षकहरूले बताएका छन्। यसैगरी, सैलुन, ब्युटिपार्लर, मठमन्दिर, मस्जिद पनि अघोषितरूपमा सञ्चालनमा छन्। पछिल्लो समयमा वीरगंजमा सबैखाले पसल, व्यवसाय सञ्चालनमा आएर भीडभाड बढेपछि प्रहरीले साँझ ५ बजेपछि बन्द गराउन थालेको छ। मङ्गलवार प्रहरीले वीरगंज महानगरका सबैजसो वडामा प्रहरी परिचालन गरेर साँझ ५ बजेपछि पसल सञ्चालन गर्नेलाई कारबाई गर्ने चेतावनी दिएको छ।

तोकिएको समयभन्दा एक घण्टा बढीसम्म पसल, व्यवसाय सञ्चालन गर्दै आएकाहरूले आफूखुशी शहरको मुख्य सडकमा अबेरसम्म पसल सञ्चालन गरेपछि प्रहरीले कडाइ गरेको हो।

यसैगरी, तोकिएको स्थानभन्दा अन्यत्र पनि तरकारी बजार लाग्न शुरू भएको छ। मीनाबजार, मुर्ली, जेलरोड, नगवा, रानीघाट आदिमा भीडभाड गरेको, मास्क नलगाएको, शारीरिक दूरी कायम नगरेको हुनाले प्रहरीले कडाइ गरेको हो।

# बाघको आक्रमणबाट एकजनाको मृत्यु, दुईजना घाइते

प्रस, रौतहट, १४ असोज/

रौतहटमा बाघको आक्रमणबाट एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्।

चन्द्रपुर नगरपालिका–६ का २७ वर्षीय सङ्गम भण्डारीको बाघको आक्रमणबाट मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रपुरका प्रनाउ हेमबहादुर शाहीले जानकारी दिए। भण्डारीको कम्मरभन्दा तलको भाग बाघले खाएको अवस्थामा जङ्गलमा फेला परेको प्रनाउ शाहीले बताए।

बाघको आक्रमणबाट घाइते हुनेमा चन्द्रपुर–६ का २८ वर्षीय अशोक थापा र ३५ वर्षीय प्रवीण श्रेष्ठ रहेका छन्। उनीहरूको पाखुरा, छाती, हातमा चोट लागेको छ।

मृतक भण्डारी जङ्गलमा हराएपछि गाउँका युवाहरू मङ्गलवार राति खोज्न गएका थिए।

खोज्न गएका युवाहरूलाई सतेरी जङ्गलको तीनकुवा वन क्षेत्रमा बाघले आक्रमण गरेको थियो। बाघले आक्रमण गरेपछि उनीहरूले खाल्डोमा हाम फालेर ज्यान जोगाएको बताए। घाइतेहरूको चन्द्रपुर हस्पिटलमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# यातायात श्रमिकका लागि न्यूनतम ज्यालाबारे छलफल

प्रस, वीरगंज, १४ असोज/

अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घ–नेपालआबद्ध परिषद्को सहयोगमा नेपालका तीन ठूला महासङ्घहरू नेपाल ट्रेड युनियन काङ्ग्रेस, नेपाल ट्रेड युनियन महासङ्घ र अखिल नेपाल ट्रेड युनियन महासङ्घको प्रदेश नं. २ समितिद्वारा असोज १३ गते यातायात क्षेत्रका श्रमिकहरूको लागि न्यूनतम ज्याला र सामाजिक सुरक्षा विषयक एक दिवसीय छलफल सिमरामा' सम्पन्न भयो।

श्रम तथा रोजगार कार्यालयका कामु प्रमुख सुन्दर श्रेष्ठको प्रमुख आतिथ्य र नेपाल ट्रेड युनियन महासङ्घ प्रदेश २ का अध्यक्ष कमलेश झाको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य नेपाल ट्रेड युनियन काङ्ग्रेसका प्रदेश अध्यक्ष लक्ष्मणप्रसाद कुर्मीले व्यक्त गरेका थिए।

कार्यक्रममा विनोदकुमार मण्डल, लालबहादुर पटेल, मुक्ति चौधरीलगायत बारा, पर्सा र रौतहटका यातायात क्षेत्रका श्रमिकहरूले आआफ्नो विचार र श्रमिकहरूको समस्या प्रस्तुत गरेका थिए। यातायात व्यवसायी सङ्घ वीरगंजबाट सन्तोष गुप्ताको उपस्थिति रहेको कार्यक्रममा प्रमुख अतिथि श्रम तथा रोजगार कार्यालयका प्रमुखले यातायात श्रमिकहरूको न्यूनतम पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्बन्धमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

# प्रहरीलाई स्वास्थ्य सामग्री वितरण



प्रस, वीरगंज, १४ असोज/

पावरहाउस चोकमा रहेको दृष्टि आँखा अस्पतालले बुधवार एक कार्यक्रमको आयोजना गरी वडा प्रहरी कार्यालय, श्रीपुरलाई स्वास्थ्य सामग्री वितरण गरेको छ।

कोरोनाबाट जोगिनको लागि अस्पतालका अध्यक्ष विश्वराज गौतमले वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक दीपककुमार साहलाई इम्युनिटी पावर बढाउने औषधि, मास्क, सेनिटाइजर वितरण गरेको अस्पतालले जनाएको छ।

कार्यक्रममा अस्पतालका मेडिकल डाइरेक्टर हरि शर्मा, वडाध्यक्ष तूफान अन्सारी, वीरगंज युवा समाजका कमल चौगाईं तथा दृष्टि विशेषज्ञ डा मुकेश यादवको उपस्थिति थियो।

# २१ जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, १४ असोज/

पर्सा, बारा, मकवानपुर र रामेछापका गरी २१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

नारायणी अस्पतालको प्रयोगशालामा पिसिआरबाट १९२ जना र जिन एक्सपर्टबाट ६ जनाको परीक्षण गर्दा २१ जनामा सङ्क्रमण देखिएको जिल्ला प्रशासन कार्यालय, पर्साले जनाएको छ।

बारामा पिसिआरबाट ५ र जिन एक्सपर्टबाट २ जना गरी ७ जना, मकवानपुर, रामेछापका १/१ जना र वीरगंज महानगरपालिकाका ७ जना तथा ठेगाना यकीन नभएका ५ जना गरी २१ जना सङ्क्रमित पुष्टि भएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले बताए।

# मनसुन बाहिरिन अझै एक साता लाग्ने

काठमाडौं, १४ असोज/रासस

नेपालबाट मनसुन बाहिरिन अझै एक साता लाग्ने भएको छ।

मनसुन पश्चिमी भूभागबाट बाहिरिने क्रम शुरू भइसकेको मौसमविद् निराजन सापकोटाले बताए। "पश्चिमी भूभागबाट बाहिरिन शुरू भएको मनसुन पूर्वी भूभागसम्म पुग्न एक हप्ता लाग्नेछ," उनले भने। उनका अनुसार मनसुन पश्चिमी भूभागबाट शुरू भई पूर्वी भूभागबाट अन्त्य हुने गर्छ।

गत वर्ष पनि मनसुन अक्टोबरको पहिलो हप्ता बाहिरिएको थियो। मनसुन बाहिरिने औसत समय सेप्टेम्बर २३ भएपनि विगत दुई–तीन वर्षदेखि मनसुन अक्टोबरसम्म पुग्ने गरेको बताइएको छ। हाल देशका पहाडी भूभागमा आंशिक बदली रहेको छ। राति प्रदेश नं १, बागमती, गण्डकी र प्रदेश ५ मा सामान्य बदली र बाँकी प्रदेशमा आंशिक बदली रही प्रदेश नं १, बागमती, गण्डकी, कर्णाली र प्रदेश नं ५ का केही स्थानमा



हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।


## पटेर्वासुगौली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, नेपाल,
पटेर्वासुगौली, पर्सा

### सामाजिक परिचालक करारमा पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मितिः– २०७७/०६/१५)

नेपाल सरकार, कृषि तथा पशुपक्षी विकास मन्त्रालयद्वारा जारी भएको लागत साझेदारीमा पशुपक्षी प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रियासम्बन्धी मार्गदर्शन, २०७७ अनुसार यस पटेर्वासुगौली गाउँपालिकामा आव २०७७/०७८ का लागि हस्तान्तरित कार्यक्रम अनुसार सशर्त अनुदानतर्फको विनियोजित बजेटबाट तलब सुविधा पाउने गरी पशु सेवाको कार्यक्रम सञ्चालनको लागि आवश्यक सामाजिक परिचालक करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र आवश्यक प्रमाणपत्रसहित राजस्व तिरेको रसिद संलग्न गरी यस कार्यालयमा आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | सङ्ख्या |
|---|---|---|---|
| १. | प २-२०७७/०७८ | सामाजिक परिचालक (पशुसेवा प्रा.) | १ (एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः– पशुपालनसम्बन्धी मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तीमा टि.एस.एल.सी. वा भेटेरिनरी जेटिए तालीमप्राप्त गरेको हुनुपर्नेछ।
२. उमेर पुरुषको हकमा १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको।
३. दरखास्त दिने स्थानः– पटेर्वासुगौली गाउँपालिकाको कार्यालय
४. दरखास्त दिने अन्तिम मितिः– प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र।
५. आवेदनको दस्तुरः– क) आवेदन फाराम दस्तुर रु १५/– र आवेदन दस्तुर रु ५००/–
६. परीक्षाको किसिमः– लिखित तथा अन्तर्वार्ता
७. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः– आवेदक स्वयंले प्रमाणित गरेको नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने र दुईप्रति पासपोर्ट साइज फोटो।
८. सेवा सुविधाः– नेपाल सरकारबाट सामाजिक परिचालकका लागि चालू आव २०७७/०७८ का लागि उपलब्ध गराइने रकम अनुरूप।
९. सेवासम्बन्धी गर्नुपर्ने कार्य विवरणः– लागत साझेदारीमा पशुपक्षी प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रियासम्बन्धी मार्गदर्शन, २०७७ बमोजिम हुनेछ।
१०. थप जानकारीका लागि पटेर्वासुगौली गाउँपालिकाको कार्यालय, पशु सेवा शाखामा सम्पर्क गर्न सकिनेछ।



प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र, पर्सा

वीरगंज

### स्यालो ट्युबवेल जडानको लागि आवेदन आह्वानसम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मितिः २०७७/०६/१५ गते*

यस कृषि ज्ञान केन्द्र, पर्साको आव २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्यालो ट्युबवेल जडान तथा सञ्चालन कार्यक्रम रहेको हुँदा १५ प्रतिशत लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक यस जिल्लाका कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमीले यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०७६/०६/२९ गते) कार्यालय समयभित्र तोकिएको ढाँचामा आवश्यक कागजातहरू संलग्न राखी खामबन्दी प्रस्ताव/आवेदन दर्ता गर्नुहुन आह्वान गरिन्छ। रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव/आवेदनहरू छनोटका लागि समावेश हुन नसक्ने बेहोरासमेत जानकारी गराइन्छ। यससम्बन्धी विस्तृत सूचना यस केन्द्रलगायत जिल्ला प्रशासन कार्यालय पर्सा, कोलेनिका पर्सा, जिल्ला समन्वय समिति पर्सा तथा पर्सा जिल्लाका १४ वटै स्थानीय तहका सूचना पाटीमा हेर्न सकिनेछ। प्रस्ताव/आवेदन बुझाउन तथा थप जानकारीको लागि यस केन्द्रमा सम्पर्क गर्न सकिनेछ।

- **डा. रामचन्द्र यादव** (वरिष्ठ कृषि विकास अधिकृत, दशौं तह)



प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र, पर्सा

वीरगंज

### सूचना ! सूचना !! सूचना !!!

*प्रथमपटक प्रकाशित मितिः २०७७/०६/१५ गते*

यस कृषि ज्ञान केन्द्र, पर्साबाट चालू आव २०७७/०७८ मा सञ्चालन हुने तपसिल बमोजिमका अनुदानित कार्यक्रमको लागि योग्य इच्छुक सेवाग्राहीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (कार्यालय कार्य दिन)भित्र २०७७ कात्तिक १४ गतेसम्म यस कार्यालयमा आवश्यक कागजसहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | लक्षित सेवाग्राही |
|---|---|---|---|
| ०१ | कृषकहरूलाई ट्याक्टर एटयाच्मेन्ट्स (ट्र्याक्टरबाट चल्ने यन्त्र उपकरण वितरणमा अनुदान) | ५० | ट्याक्टर भएको कृषक, कृषि समूह, कृषि सहकारी, कृषि उद्यमी |
| ०२ | कृषकहरूलाई स्वचालित कृषि यन्त्र उपकरणमा अनुदान | ७५ | कृषक, कृषि समूह, कृषि सहकारी, कृषि उद्यमी |
| ०३ | कृषकहरूलाई पावर टिलरमा अनुदान | ५० | कृषक, कृषि समूह, कृषि सहकारी, कृषि उद्यमी |

**आवश्यक कागजपत्रहरूः**

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु १० को टिकट टाँस गरी निवेदन दिनुपर्नेछ।
२. कृषक समूह, कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, आव २०७६/०७७ को करचुक्ता प्रमाणपत्र, समूह तथा सहकारीको PAN दर्ता प्रमाणपत्र, सम्बन्धित समूह, सहकारीको कार्यक्रम मागसम्बन्धी निर्णय पेश गर्नुपर्नेछ।
३. कृषक समूह तथा सहकारीको हकमा प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीको अख्तियारीपत्र तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
४. कृषक समूह तथा सहकारीको हकमा कम्तीमा १० बिघाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि।
५. कृषि उद्यमीको हकमा उद्यमी प्रमाणपत्र, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आव २०७६/०७७ को करचुक्ता प्रमाणपत्र तथा कम्तीमा १० बिघाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि।
६. ट्याक्टरद्वारा सञ्चालित यन्त्र उपकरणको हकमा सम्बन्धित निवेदकले ट्याक्टरको आफ्नो नाममा भएको सवारी दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।
७. कृषकको हकमा नागरिकता प्रमाणपत्र, कम्तीमा ३ बिघा जग्गा भएको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि।
८. पावर टिलर एटचाचमेन्टको हकमा स्वामित्वको प्रमाणपत्र अथवा अनुदानमा प्राप्त गरेको भए सम्बन्धित निकायको सिफारिश।
९. पावर टिलरको हकमा सम्बन्धित कृषकको लागि कम्तीमा १.५–२.० बिघा जग्गा हुनुपर्नेछ।

- **डा. रामचन्द्र यादव** (वरिष्ठ कृषि विकास अधिकृत, दशौं तह)

# बलात्कृतलाई न्यायभन्दा वडाध्यक्षको इज्जत ठूलो

विमला गुप्ता, वीरगंज, १४ असोज/

बाराको सुवर्ण गाउँपालिकामा भएको बालिका बलात्कारको घटनामा



पीडित बालिका। तस्वीरः फाइल

गाउँलेहरू नै बलात्कृतलाई न्यायभन्दा वडाध्यक्षको इज्जत जोगाउनेतर्फ लागिपरेका छन्।

सुवर्ण गाउँपालिकाको वडा नं ५ का अध्यक्ष रामएकबाल साहमाथि पीडित पक्षले पैसाको दम्भमा बलात्कारको घटना ढाकछोप गर्न खोजेको आरोप लगाउँदा अहिले गाउँका हुनेखाने व्यक्तिहरूले वडाध्यक्षको इज्जत गयो भन्दै पीडितलाई धम्काउन शुरू गरेका छन्। औरैया गाउँका युवा विनोद यादवका अनुसार औरैया गाउँमा यो पहिलो घटना होइन, यसअघि पनि यस्ता बलात्कारका घटना भइसकेका छन् तर गाउँको इज्जत जान्छ भन्ने बहाना बनाउँदै पैसाले ढाकछोप गर्न यहाँका अगुवाहरू नै अगाडि सर्ने चलन छ।"

यही असोज १ गते राति ८ बजे सुवर्ण गाउँपालिका–५ औरैयाकी १२ वर्षीया बालिकालाई गाउँघरकै काका पर्ने शिवपूजन यादवले बलात्कार गरेका थिए। साँझको खाना खान भाइलाई बोलाउन घरबाहिर निस्किएकी बालिकालाई शिवपूजनले एक्लोपनको मौका छोपी बलात्कार गरेका थिए। बालिकाको हात पछाडिबाट समाती मुखमा सल कोचेर घिसार्दै नजीकै रहेको लालबाबू भन्ने आफन्तको घरभित्र लगेर बलात्कार गरेको पीडितले बताइन्।

प्रतिकार गर्ने क्रममा बालिकाले चिच्याएपछि गाउँकै कृष्ण यादव आएर छुटाइ दोषीलाई भगाएको र उल्टै पीडित बालिकामाथि हातपात गरेको बालिकाको भनाइ छ। बालिका आफैंले न्यायको लागि गुहार लगाउँदासमेत अहिले गाउँवासी वडाध्यक्षाको इज्जत जोगाउनतर्फ लागेका छन्।

पीडित पक्षसँग घटनाबारे बुझ्न पुगेका सञ्चारकर्मीहरूलाई समेत वडाध्यक्ष नजीकका व्यक्तिहरूले पीडितको घरमा गएर किन सोधपुछ गरेको भन्दै विरोध जनाएका थिए। गाउँघरको इज्जत जान्छ भन्दै यस्तो खबर समाचारमा नदिन उनीहरूले पीडितलाई दबाब दिन थालेका छन्। यता पीडित बालिकाकी आमाका अनुसार न्यायका लागि आवाज उठाउँदा राति दोषीका आफन्त तथा गाउँका केही व्यक्ति आएर ज्यान मार्नेसमेत धम्की दिन थालेका छन्।

गाउँघरका अगुवा तथा पञ्चहरूले डेढ लाख रुपियाँ लिएर मिलापत्र गर्न दबाब दिइरहेको र पैसा लिन नमानेपछि धम्की आउन थालेकोले डरको कारण घरमा राति सुत्न नसकेको बलात्कृत बालिकाकी आमाले बताएकी छन्।

पीडित बालिकाका बुबा टाँगा चलाउँछन्। घरको आर्थिक अवस्था कमजोर भएकोले गाउँघरका हुनेखानेहरूले यस घटनामा किन धेरै बोल्छस् भन्दै दबाब दिइरहेका छन्। यतिबेला पीडित परिवार छोरीमाथि भएको अन्याय र त्यसको प्रभावले सृजित मानसिक समस्या, पीडक पक्षको धाकधम्की र घरको कमजोर आर्थिक अवस्थाको चौतर्फी मार खपिरहेका छन्।

यता जिल्ला प्रहरी कार्यालय बारामा बलात्कारविरुद्धको अभियोगमा मुद्दा दर्ता भइसकेको छ तर बारा प्रहरीले भने सुस्त गतिमा अनुसन्धान थालेको पीडित पक्षको गुनासो छ। दिनहुँ आफूहरूलाई पीडक पक्षबाट ज्यानै लिने धम्की आउन थालेको र दोषी फरार भएको भन्दै प्रहरी अनुसन्धानबाट पन्छिन खोजेकोले थप पीडामा परेको बालिकाका बुबाले बताएका छन्। यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रनाउ गौतम मिश्रले भने पीडित बालिकाको स्वास्थ्य परीक्षण गराइ पीडकको खोजी भइरहेको र भारततर्फ समेत समन्वय गरेर अभियुक्त पक्राउ गर्नेतर्फ प्रहरी सक्रिय रहेको बताएका छन्।

# एकजना महिलासहित २३ जनाद्वारा रक्तदान

प्रस, सिम्रौनगढ, १४ असोज/

युवा विद्यार्थी सङ्घर्ष समिति प्रदेश



२ ले कङ्काली माविमा आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित २३ जनाले रक्तदान गरेका थिए।

रक्तदान कार्यक्रममा शान्ति देवी, साजन कर्ण, नवीनकुमार चौधरी, शेख मुतिम, अजित कुमार, सन्तोष कुशवाहा, शनि गुप्ता, अरविन्द यादव, चन्दन जायसवाल, कुन्दन जायसवाल, राकेश कुशवाहा, कर्ण कुशवाहा, रवि मेहता, गुड्डु कुशवाहालगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजले जनाएको छ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पर्साका उपमन्त्री साबिर अहमद एराज, कार्यालय प्रमुख उदयराज शर्मा, प्राविधिक धीरेन्द्र झाले सहयोग गरेका थिए।

रक्तदान कार्यक्रमको उद्घाटन विद्यार्थी सङ्घर्ष समितिका उपाध्यक्ष शनि गुप्ताले गरेका थिए। कार्यक्रममा डा अजयकुमार, रञ्जीत कुशवाहा, सुनील कुशवाहालगायतको उपस्थिति थियो।

# सालको गोलियासहित माझी पक्राउ

प्रस, पर्सागढी, १४ असोज/

सबडिभिजन वन कार्यालय सबैयाले चार क्युफिट सालको गोलियासहित एकजनालाई पक्राउ गरेको छ।

फरेस्टर हरिभजन चौधरीको नेतृत्वको टोलीले पर्सागढी नगरपालिका–३ का ४० वर्षीय पनजलाल माझीलाई काठसहित पक्राउ गरेको हो। माझीले साइकलमा काठ लगिरहेको अवस्थामा पक्राउ गरी कारबाईको लागि सबडिभिजन वन कार्यालय सबैया पठाउने वनरक्षक लक्ष्मीसाह कानूले बताए।

# तस्करको कुटाइबाट दुईजना युवक घाइते

प्रस, सिम्रौनगढ, १४ असोज/

तस्करको कुटाइबाट दुईजना युवक घाइते भएका छन्।

सिम्रौनगढ–५ ठूलो इटवालमा तस्करको कुटाइबाट स्थानीय श्यामसुन्दर कुशवाहा र मनोज पासवान घाइते भएका छन्।

उनीहरूको सिम्रौनगढस्थित कङ्काली पोलिक्लिनिकमा उपचार भइरहेको छ।

तस्करहरूले ती दुई युवालाई गाउँबाट अपहरण गरी कुटपिट गरेर छाडेका थिए। युवकहरूका अनुसार तस्करको सामान सुराकी गरी पक्राउ गर्न लगाएको विषयमा आफूहरूमाथि कुटपिट भएको बताएका छन्।

## पोखरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पोखरिया, पर्सा

प्रदेश नं. २, नेपाल

# करार सेवामा पदपूर्तिसम्बन्धी सूचना

***(संशोधित सूचना मिति २०७७/०६/१५ गते बिहीवार)***

प्रस्तुत विषयमा यस कार्यालयद्वारा मिति २०७७/०५/३० गते मङ्गलवारका दिन विभिन्न पदहरूको पदपूर्तिसम्बन्धी सूचना आह्वान गरिएकोमा सोमध्ये केही पदमा थप रिक्तता देखिन आएकोले यस कार्यालयको मिति २०७७/०६/१४ गतेको निर्णय अनुसार साबिकको विज्ञापनमा रिक्त रहेको पद थप गर्दै दरखास्त दिने अन्तिम मिति ७ (सात) दिन थप्ने निर्णय गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

| **विज्ञापन नं.** | **पद** | **साबिक माग पद सङ्ख्या** | **थप गरिएको पद सङ्ख्या** | **जम्मा रिक्त पद** | **दस्तुर** | **न्यूनतम शैक्षिक योग्यता** |
|---|---|---|---|---|---|---|
| १/०७७/०७८ | पोषण स्वयंसेवक | १ (एक) | – | १ (एक) | ५००/– | – सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोके बमोजिम,<br>– उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको। |
| २/०७७/०७८ | अनमी | ३ (तीन) | २ (दुई) | ५ (पाँच) | ५००/– | – अनमी उत्तीर्ण गरी नेपाल काउन्सिलमा दर्ता भएको,<br>– उमेर १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको। |
| ३/०७७/०७८ | अहेब | ३ (तीन) | ३ (तीन) | ६ (छव) | ५००/– | – अहेब उत्तीर्ण गरी Nepal Health Professional Counsil मा दर्ता भएको,<br>– उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४५ वर्ष ननाघेको । |
| ४/०७७/०७८ | कार्यालय सहयोगी | ४ (चार | – | ४ (चार) | ३००/– | – साधारण लेखपढ गर्न जानेको,<br>– उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको। |

- करार अवधिः– २०७८ असार मसान्तसम्म।
- सेवा, सुविधाः– सम्झौता तथा शर्तमा उल्लेख भए बमोजिम।
- छनोट प्रक्रियाः– अन्तर्वार्ता।
- दरखास्त दिने अन्तिम मितिः– २०७७/०६/२१ गते बुधवारसम्म।
- सम्पर्क तथा अन्तर्वार्ता मितिः– कार्यालयले अर्को सूचना गरी तोक्नेछ।
- दरखास्त फाराम पाउने तथा बुझाउने स्थानः– पोखरिया नगर कार्यपालिकाको कार्यालय, पोखरिया, पर्सा।
- **थप जानकारीको लागि कार्यालय समयमा नगरपालिकाको कार्यालय वा मोबाइल नं. ९८४५५१६५७५ र ९८४५०३३२८८ मा सम्पर्क गर्न सकिन्छ।**

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Nepal
Nepal Agricultural Research Council
Directorate of Agriculturel Research Province No. 2, Parwanipur, Bara

# Invitation for Sealed Bids

**Date of first Publication: 01th October 2020**

1. The **Directorate of Agriculturel Research Province No. 2** invites bids from registered contractors for the construction of works enclosed hereunder.
2. Eligible Bidders may obtain further information and inspect the Bid documents Forms at the office of **Directorate of Agriculturel Research Province No. 2**, parwanipur, Bara
   **Phone: 9844133026**
   **Email: rars@yahoo.com**
3. Bid documents may be purchased by eligible Bidders from the Directorate of Agriculturel Research Province No. 2, Parwanipur, Bara on the submission of a written application and upon payment of a non-refundable fee as per the table below.
4. Bid documents must be submitted to the **District Administration Office, Kalaiya, Bara.** Documents received after these deadlines shall not be accepted.
5. Bids must be valid for a period of 90 days after opening of bids and must be accompanied by Cash Security or Bank Guarantee, amounting as mentioned hereunder, which shall be valid for minimum 120 days after opening of Bids.
6. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit **Account No.1260100102030000** in the Name of **KOSH TATHA LEKHA NIYANTRAK KARYALAYA, Kalaiya, BARA office code no: 33-312-05** at **RASTRIYA BANIJYA BANK, KALAIYA, BARA** and submit the separate receipts of the deposited amount of cash along with respective Sealed Bid.
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at the **District Administration Office, Kalaiya, Bara**.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
10. Rest shall comply with Nepal Agricultural Research council financial administration bylaw 2049, Public procurement act 2063, public procurement regulations 2064 and other prevailing acts and regulations.
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason. whatsoever.

**Enclosure:**

| SN | Contract Identification No. | Brief Description of Work/Site | Estimated Amount (Without VAT and Contingencies) | Purchase Date | Bid document Submitted Date | Bid document Opening Date | Bid Security Amount | Bid document/ Sealed Quotation form fee |
|---|---|---|---|---|---|---|---|---|
| 1. | DAR/NCB/Works/ 01-2077/78 | Irigation channel and head work construction for water supply system. | 3283950.56 | 17:00 hrs. on 30th october 2020 | 12:00 hrs. on 31th october 2020 | 14:00 hrs. on 31th october 2020 | Rs. 98518 | Rs. 3,000 |
| 2. | DAR/NCB/Works/ 02-2077/78 | Construction of shed at the roof of hatchery building and associated structure in the builing work. | 1377960.17 | 17:00 hrs. on 15th october 2020 | 12:00 hrs. on 16th october 2020 | 14:00 hrs. on 16th october 2020 | Rs. 41338 | Rs. 1,000 |
| 3. | DAR/NCB/Works/ 03-2077/78 | Old boundary wall and get maintence work. | 849017.61 | 17:00 hrs. on 15th october 2020 | 12:00 hrs. on 16th october 2020 | 14:00 hrs. on 16th october 2020 | Rs. 25470 | Rs. 1000 |